# सी.बी.आर.कार्यक्रम सञ्चालनसम्बन्धी खर्च विधि, २०७२

## १.समुदायमा आधारित कार्यक्रम सञ्चालन गर्न प्रशासनिक खर्च गर्नेसम्बन्धी विधि

तल उल्लेखित खर्च अनुपातमा रही महिला तथा बालबालिका कार्यालय र समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने संस्थाले प्रशासनिक खर्च गर्नुपर्नेछः

क. महिला तथा बालबालिका कार्यालयमार्फत सी.बी.आर. जिल्ला समन्वय तथा अनुगमन समितिको बैठक खर्च जम्मा बजेटको १० प्रतिशतसम्म खर्च गर्नुपर्नेछ ।

ख. महिला तथा बालबालिका कार्यालयले एक आ.वमा कम्तिमा २ पटक उक्त कार्यक्रम सञ्चालन स्थितिको अनुगमन गरी कार्यक्रम सम्पन्न प्रतिवेदन जिल्ला समन्वय तथा अनुगमन समितिमा पेश गर्नुपर्नेछ जसको लागि ४ प्रतिशतसम्म खर्च गर्न सकिनेछ।

ग. संस्थाको जनशक्ति विकास, स्टेशनरी खर्च र प्रतिवेदन लेखनका लागि जम्मा बजेटको ९ प्रतिशतसम्म खर्च गर्नु पर्नेछ ।

घ संस्थाले राष्ट्रिय वा क्षेत्रीयस्तरका समीक्षा, गोष्ठी तथा सेमिनारमा सहभागिता जनाउँदा संस्थाको समेत सहयोग समावेश हुने गरी यस बजेटको दुर्गम जिल्ला (मुगु, जुम्ला, हुम्ला, कालिकोट, बझाङ, बाजुरा, जाजरकोट, अछाम, डोल्पा र दार्चुला) का हकमा बढिमा ८ हजारसम्म र अन्य बाँकी जिल्लाका हकमा बढिमा ३ हजारसम्म सम्म खर्च गर्न सकिनेछ ।

ङ. सी.बी. आर संस्थाले आयमूलक तथा सीपमूलक तालिम प्राप्त गरेका, सशक्तरूपमा काम गर्न सक्ने, पेशा तथा व्यवसाय गर्ने इच्छुक अपाङ्गता भएका व्यक्तिहरूले काम गर्न सक्छन् भनी विश्वस्त भएमा जिल्ला समन्वय तथा अनुगमन समितिको सिफारिस लिई न्यून आयस्तर र प्राथमिकताका आधारमा प्रति व्यक्ति पेशा व्यवसाय हेरी बढिमा १० हजारसम्म अनुदानका रूपमा उपलब्ध गराउन सकिनेछ ।यस कार्यका लागि २० प्रतिशतसम्म खर्च गर्न सकिनेछ । उक्त रकम दुरूपयोग भएमा सो व्यक्तिलाई अन्य सेवा सुविधाबाट बञ्चित गरिनेछ ।सी.बी.आर. संस्थाले बीउपूजीं लग्ने व्यक्तिको नाम नामेशीसहितको रेकर्ड राखी प्रगति लिई महिला तथा बालबालिका कार्यालयमा बुझाउनुपर्नेछ भने प्रत्येक वर्ष समीक्षा कार्यक्रममा समेत प्रगतिविवरण पेश गर्नुपर्नेछ। यस भन्दा अगाडि कोषमा रहेको रकमलाई पनि यसैगरी परिचालन गर्न सकिनेछ तर एउटै व्यक्तिलाई पटक पटक तथा अपाङ्गता नभएका व्यक्तिलाई उक्त रकम उपलब्ध गराउन पाइने छैन ।

## २. समुदायमा आधारित कार्यक्रम सञ्चालन गर्नका लागि जम्मा बजेटको तोकएबमोजिमको प्रतिशत खर्च गर्नुपर्नेछः

क. सी.बी.आर. कार्यक्रमलाई प्रत्येक वर्ष गा.वि.स.मा बिस्तार गरी अपाङ्गता भएका व्यक्तिहरूको संभाव्यता खोजी गर्नका लागि तथ्याङ्क अध्यावधिक गर्न तथा सी.बी.आर. गाउँ समन्वय समिति गठन गर्न ५ प्रतिशतसम्म खर्च गर्नुपर्नेछ ।

शाखा अधिकृत उप-सचिव सह सचिव

ख. अपाङ्गता रोकथाम र हक अधिकारका विषयमा प्रचारप्रसार सामग्री, उत्पादन, रेडियो, एफ. एम लगायतका माध्यमबाट प्रसारण गर्ने र जनचेतनासम्बन्धमा प्रचार प्रसारका अन्य कार्य गर्न ५ प्रतिशतसम्म खर्च गर्नुपर्नेछ ।

ग. परिचय पत्र वितरणका लागि घुम्ती शिविर सञ्चालन गर्न १४ प्रतिशतसम्म खर्च गर्नुपर्नेछ ।

घ. विद्यालयको पहुँच बाहिर रहेका विद्यार्थीहरूलाई भर्ना अभियान, बाबुआमालाई सचेतना र सहज छात्रवृत्तिलहगायतका जानकारी दिन तथा जिल्ला शिक्षा कार्यालयसँग समन्वय गरी शिक्षाको पहुँच वृद्धि गर्ने कार्यका लागि ५ प्रतिशत सम्म खर्च गर्नु सकिनेछ ।

ङ. स्वास्थ्यको पहुँच नपुगेका अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरूका लागि उपचारका लागि सहजता र जानकारी दिने, स्वास्थ्य निकायसँग निःशुल्क उपचारका लागि समन्वय सम्बन्धी(सामान्य साधन खरिद जस्तै थेरापी मेसिन र अन्य अफिस) कार्यका लागि बढिमा ५ प्रतिशतसम्म रकम खर्च गर्न सकिनेछ ।

च. अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक सहायक सामग्रीको पहिचान गर्ने, जिल्लामा प्राप्त सहायक सामग्रीको वितरण गर्ने तथा सहायक सामग्री उत्पादन र वितरण केन्द्रसम्मको समन्वय गर्ने कार्यका लागि ५ प्रतिशत रकम खर्च गर्नुपर्नेछ ।

ज. प्रत्येक जिल्लामा रहेका सार्वजनिक निकाय (प्रत्यक्ष जनताको सम्पर्क हुने सरकारी, गैरसरकारी तथा निजी क्षेत्र) का भौतिक संरचनाको अपाङ्गमैत्री स्थितिको अध्ययन गरी प्रतिवेदन तयार गर्ने। सो प्रतिवेदन र अपाङ्गता भएका व्यक्तिहरूको सार्वजनिक संरचना तथा सञ्चार सेवामा पहुँच अभिवृद्धि गर्न निर्देशिका, २०६९ का बारेमा महिला तथा बालबालिका कार्यालयसँग समन्वय गरी प्रचार प्रसार गर्ने र जिल्लाका सरकारी तथा गैरसरकारी निकाय, पत्रकार, मानव अधिकारकर्मी र पेशागत सङ्घ सङ्गठनलगायतको उपस्थितिमा छलफल तथा अन्तर्क्रिया गर्ने। साथै जिल्लामा नवनिर्मित तथा पुनर्निर्माण गरिने संरचनालाई अपाङ्गतामैत्री बनाउन अभियान सञ्चालन गर्ने। यस कार्यका लागि १८ प्रतिशतसम्म रकम खर्च गर्नुसकिनेछ ।

## ३. कार्यक्रम बिस्तार, स्वीकृति र प्रतिवेदन

क. सी.वी आर. संस्थाले अन्य क्षेत्र (स्थानीय निकाय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरु) बाट परिचालन गरिएको बजेट सी.बी.आर. जिल्ला समन्वय समितिमा कार्यक्रम तथा खर्च स्वीकृत गराइ खर्च गर्ने, गराउने गर्नुपर्नेछ ।उक्त रकम खर्च गर्दा सी. वी. आर. कार्यक्रम सञ्चालन निर्देशिकाअनुसार गर्नुपर्नेछ तथा सी.वी आर. तालिम प्राप्त कार्यकर्ताले तालिम लिएपछि अनिवार्य सेवा गर्नुपर्नेछ ।

ख. माथि २.नं. अन्तर्गत सी.बी.आर.कार्यक्रमतर्फ छुट्याइएको रकममध्ये स्थानीय आवश्यकताका आधारमा सी.बी.आर.जिल्ला समन्वय समितिको निर्णयानुसार मन्त्रालयको पूर्व स्वीकृति लिई बुँदा नं. २ अन्तर्गतका अन्य कार्यक्रममा रकमान्तर गरेर कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

शाखा अधिकृत उप-सचिव सह सचिव

ग. कार्यक्रमको वार्षिक प्रतिवेदन सी.वी. आर निर्देशिकाले तोकेअनुसारका प्राथमिकता प्राप्त क्षेत्रमा के कसरी कार्य भएका छन्, उपलब्धी, सिकाइ र कमीकमजोरीहरूलाई समेत उल्लेख गरी मन्त्रालय र महिला तथा बालबालिका विभागमा पठाउनु पर्नेछ ।

घ. महिला तथा बालबालिका कार्यालयमा कार्यक्रम प्राप्त भएपछि सी.बी.आर. जिल्ला समन्वय समितिको बैठकको निर्णयबाट स्वीकृत गराइ कार्यान्वयन गर्नुपर्नेछ ।

४. अन्तर्क्रिया कार्यक्रम सञ्चालन विधि

क. माथि बुँदा नं. २ ज अनुसार कार्यक्रम तथा संस्था अनुगमन, मूल्यांकन र अन्तर्क्रिया कार्य निम्नानुसार गर्नुपर्नेछः

अ. महिला तथा बालबालिका कार्यालयसँग समन्वय गरी जिल्लाका सरकारी, गैरसरकारी निकायका प्रतिनिधि जिल्लामा सी.बी.आर. कार्यक्रम संचालन गर्न छनौट भएका संस्थाले सी.बी.आर. कार्यक्रम गर्ने संस्थाका सम्पूर्ण पदाधिकारी/महिला तथा बालबालिका कार्यालयका कर्मचारी र त्यस जिल्लामा उपलब्ध भएसम्म अपाङ्गता क्षेत्रमा काम गर्ने सबै संस्थाका प्रतिनिधिहरुलाई राखी एक दिनको अपाङ्गतासम्बन्धी विषय, ऐन, नियम तथा भौतिक संरचना तथा सञ्चार सेवामा पहुँचसम्बन्धी निर्देशिकालगायतका विषयमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

आ. सहभागीहरुलाई दैनिक भ्रमण भत्तालगायत कुनै आर्थिक सुविधाको व्यवस्था नभएको हुँदा महिला तथा बालबालिका कार्यालयसँग समन्वय गरी अग्रीम जानकारी गराउनुपर्नेछ ।

ख. स्रोत व्यक्तिकासम्बन्धमा

अ. जिल्लामा सी.बी.आर. कार्यक्रम संचालन गर्न छनौट भएका संस्थाले महिला तथा बालबालिका कार्यालयको समन्वयमा अपाङ्गता विषयमा प्रशिक्षकका लागि प्रशिक्षण (TOT) लिएका स्थानीय स्रोत हुनुपर्नेछ ।

आ. उक्त अधिवाचन कार्य्रमका लागि छुटयाइएको जम्मा रकम मध्ये माथि बुँदा नं. २ ज. को अधिवाचन कार्यक्रममा बढीमा ३ वटा कक्षा सञ्चालन गर्नुपर्ने। उक्त कार्यक्रमका स्रोत व्यक्तिलाई रू. १०००/- का दरले तीनजनालाई रू. ३०००/- हजार प्रदान गरी बाँकी रकम तालिमका लागि आवश्यक स्टेसनरी, खाजा र अन्य भैपरी कार्यका लागि नियमानुसार प्रयोग गर्न सकिनेछ ।

शाखा अधिकृत

उप-सचिव

सह सचिव